# माध्यमिक शिक्षा परीक्षा (SEE Supplementary/Upgrade 2019)

## (पुरक/ग्रेडबृद्धि)

## उत्तरकुञ्जिका

**पूर्णाङ्कः- ७५**

## विषयः नेपाली

उत्तरपुस्तिका परीक्षणकुञ्जिका उत्तरपुस्तिका परीक्षणको निम्ति परीक्षकलाई सामान्य मार्गनिर्देशन हो । परीक्षकले उत्तरको शुद्धता, स्तरीयता मौलिकता आदि हेरी आवश्यकताअनुसार विवेक प्रयोग गरी स्तरअनुसार सहि, स्पष्ट, उपयुक्त, मापनीय र स्तरीय मूल्याङ्कन गर्नुपर्ने छ । सम्भव भएसम्म कुञ्जिकाले निर्देश गरेको परिधि र सीमाभित्र रही मूल्याङ्कन गर्नुपर्ने छ ।

| क्र.सं. | उत्तर | अङ्क |
|---|---|---|
| १ | सही जोडा मिलाएमा प्रतिशब्द ०.५ का दरले अङ्क प्रदान गर्ने ।<br>**समुह क** — **समुह ख**<br>जेब — गोजी<br>फन्को — फेरो<br>त्रासद — दुःखान्त<br>महिमा — प्रशंसा | २ |
| २ | खाली ठाउ'' भरी वाक्य पूरा गरिएको वाक्यलाई ०.५ का दरले २ अङ्क प्रदान गर्ने ।<br>(क) झाल (ख) सुगम (ग) सित-शीत (घ) नवीन | २ |
| ३ | अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग भए र वाक्यको बनोट पनि शुद्ध भए एक वाक्यका लागि १ अङ्का दरले २ अङ्क प्रदान गर्ने । | २ |
| ४ | क) दिइएका शब्द समूहबाट छानिएको प्रति शुद्ध शब्दका लागि ०.५ अङ्कका दरले २ अङ्क प्रदान गर्ने ।<br>(अ) सारांश (आ) लाञ्छना<br><br>(ख) प्रति अशुद्धि सच्चाएवापत ०.५ अङ्क<br>रामचन्द्रले भने, "मेरो निम्ति जन्मभूमि नै महान छिन् ।×" | १<br><br><br><br>२ |
| ५ | रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याई शुद्धस''ग लेखेमा प्रत्येकलाई ०.५ अङ्कका दरले २ अङ्क प्रदान गर्ने ।<br>ढकमक्क - क्रियाविशेषण<br>फुल - नाम<br>हामी - सर्वनाम<br>त - निपात<br>आनन्दित - विशेषण<br>हुन्छौ'' - क्रियापद | ३ |
| ६ (क) | दिइएका उपसर्ग र प्रत्यय लगाई तल दिए झै'' वा अन्य उपयुक्त शब्द निर्माण गरेमा प्रति शुद्ध शब्दलाई ०.५ अङ्कका दरले २ अङ्क प्रदान गर्ने ।<br>प्रति +एक =प्रत्येक<br>अनु+ शासन = अनुशासन<br>दुध +आलु =दुधालु<br>रस +इलो =रसिलो | २ |

| | | |
|---|---|---|
| | यस्तै गरी निर्धारित प्रत्यय र उपसर्ग लगाई शुद्ध शब्द लेखेमा पनि अङ्क प्रदान गर्ने । | |
| **६(ख)** | समास वा विग्रह गरेमा प्रत्येकलाई ०.५ अङ्कका दरले १ अङ्क प्रदान गर्ने ।<br>पूजालाई सामग्री =पूजासामग्री<br>कोसीपारि = कोसीको पारि | १ |
| **७** | दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउ“ भरेमा प्रति सही उत्तरका लागि ०.५ अङ्कका दरले २ अङ्क प्रदान गर्ने ।<br>(क) उसलाई पप गीत मन पर्‍यो ।<br>(ख) प्रमोद साइवरमा बसेर इन्टरनेट चलाउ“दैछ/चलाउ“दैछन् ।<br>(ग) रश्मिले खाना पकाउली/पकाउलिन् ।<br>(घ) तिमी बजार जाऊ । | **२** |
| **८** | दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गरेमा प्रति वाक्य १ अङ्कका दरले ४ अङ्क प्रदान गर्ने ।<br>(क) मैले त टिभी हेरे“ ।<br>(ख) म डोल्मालाई पढाउ“छु । (प्रेरककर्ता अरु पनि हुन सक्ने)<br>(ग) सञ्जयले सबैलाई सज्जन नै देख्छ ।<br>(घ) उनी घरमा गइन् । | **४** |
| **९** | सामान्य भविष्यत्कालका तीनओटा अलग अलग क्रियापदहरूको प्रयोग गरी आफूले गर्ने कुनै कामको वर्णन गरेमा प्रति वाक्य १ अङ्कका दरले ३ अङ्क प्रदान गर्ने । | **३** |
| **१०** | दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको सही उत्तर दिएमा प्रति उत्तरका लागि १ अङ्कका दरले ५ अङ्क प्रदान गर्ने ।<br><br>(ग) मैले - कर्ता कारक, प्रथमा विभक्ति<br>(घ) उनले पोहोर यार्सागुम्बा टिपिन् र लाख रुपिया“ कमाइन् । (निरपेक्ष संयोजक अन्य पनि हुन सक्ने)<br>(ङ) सदुपयोग- दुरुपयोग | **५** |
| **११** | दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो सही उत्तर दिएमा प्रति उत्तरका लागि १ अङ्कका दरले ५ अङ्क प्रदान गर्ने । | ५ |
| **१२** | दिइएको गद्यांशबाट मुख्य मुख्य कुरा नछुटाई टिपोट गरिएको चारओटा बु“दाका लागि ०.५ का दरले २ अङ्क र गद्यांशको मुख्य कुरा समेटी ढा“चा मिलाएर एक तृतीयांश हुने गरी सारांश लेखेमा भाषिक पक्षमा विचार गरी ३ अङ्क प्रदान गर्ने । | **२३.५** |
| **१३.** | (क) जीवनी लेखनः<br>- विषयवस्तुको संयोजन, मौलिकता र शीर्षक २<br>-वाक्य गठन र प्रस्तुतीकरण १<br>- भाषिक शुद्धता (वर्णविन्यास, वाक्य गठन, चिह्न प्रयोग र पदसङ्गति आदि) १<br><br>(ख) वादविवाद लेखनः<br>-प्रस्तुति (शीर्षक, पात्र, समय, स्थान, र परिवेश निर्धारण) १<br>- सम्बन्धित विषयवस्तुको संयोजन, मौलिकता, तार्किकता र प्रस्तुतीकरण २<br>- भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन, चिह्न प्रयोग र पदसङगति) १ | ४ |
| **१४** | १) प्रसङ्ग (लेखकको नाम, पाठको शीर्षक विधा र पाठगत सन्दर्भ) १ | **४** |

| | | |
|---|---|---|
| | २) व्याख्या (विषयबोध, र प्रस्तुति) २<br>३) भाषाशैली र शुद्धता १<br><br>(क) थाङ्का (निबन्ध)<br>– सम्पादकहरूद्धारा लेखिएको ‘थाङ्का’ शीर्षकको निबन्ध पाठबाट लिइएको अंश<br>– बौद्धमार्गीहरूको आस्थाको प्रतीक रहेको थाङ्काको बारेमा चर्चा गरिएको<br>– समाजमा बहुविचार, बहुसंस्कृति, धर्म रहने<br>– विविधताले नवीनतम मान्यताहरूको विकास र विस्तारमा सहयोग पुऱ्याउने<br>– विविधताले नया“ योजना र सम्भावनाहरूको खोजी गर्न पूर्वाधार तयार हुने र नेपाललाई समृद्ध बनाउन सकिने पुष्टि ।<br><br>(ख) वर्षा (कविता)<br>महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको ‘वर्षा’ कविताबाट साभार गरिएको अंश<br>- वर्षा ऋतुको विशेषताहरूको चर्चा गरिएको<br>- वर्षा ऋतुमा खहरे खोलाले धुलोमैलो बगाएर ल्याउने<br>- खोलानाला अटुट रूपमा वगिरहने<br>- प्राणीहरू अमृतजस्ता जलका कणले आनन्दित हुने<br>- वनस्पतिलाई अमृत जस्ता पानीले सिञ्चन गर्ने हुनाले अन्नहरू फस्टाउने | |
| १५ | दिइएका तीन प्रश्नहरूमध्ये कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिएमा प्रति उत्तर २ का दरले अङ्क प्रदान गर्ने ।<br>पाठगत सन्दर्भमा आधारित प्रश्नोत्तहरूको मुल्याङ्कनगर्दा निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्ने<br>(क) विषयवस्तुको ज्ञान १<br>(ख) प्रस्तुति, मौलिकता र भाषिक शुद्धता १<br>(सबै प्रश्नको उत्तर ५ वाक्यसम्मको भएमा यहीअनुसार गर्ने) | ८ |
| १६ | तार्किक प्रश्नको उत्तर मूल्याङकनगर्दा निम्न कुरामा ध्यान पुऱ्याउनु पर्ने<br>(क) पाठगत सन्दर्भ र विषय बोध १<br>(ख) सिर्जनशीलता/कल्पनाशीलता र तार्किकता २<br>(ग) भाषिक शुद्धता (वर्णविन्यास, वाक्य गठन, चिह्न प्रयोग र पदसङगतिसमेत) १ | ४ |
| १७ | लामो (विवेचनात्मक) उत्तरको मूल्याङ्कन निम्नलिखित आधारमा गर्ने<br>(क) परिचय, विधा र विषय प्रवेश १<br>(ख) विषयवस्तुको ज्ञान ३<br>(ग) शैली र मौलिकता २<br>(घ) भाषिक शुद्धता २<br><br>(क) प्रत्यागमन (कथा)<br>- कथाकार गुरुप्रसाद मैनालीको सामान्य परिचय<br>- सामाजिक यथार्थवादी कथाकार<br>- समाजका विषयवस्तुलाई लिएर लेखिएको कथा<br>- कथाको मुख्य पात्र शोभाले सौतिने देवरलाई माया, ममताका साथ हुर्काउने, बढाउने र | ८ |

| | | |
|---|---|---|
| | दाजु निर्मलको थोरै कमाइबाट एम.एस्सीसम्म पढाउनु<br>- पढाइ सकेपछि निर्मलले दाजुभाउजू र उनका छोराछोरीलाई स्नेह र प्रेम गर्नु<br>- निर्मलले घरानिया“ परिवारकी छोरीस“ग विवाह गर्नु<br>- विवाहपछि दाजुभाउजूले गरेका कार्यहरू रामुले बिर्सनु<br><br>(ख) हाम्रो सस्कृति (निबन्ध)<br>– नेपाल बहुजाति, बहुभाषी र बहुसांस्कृतिक मुलुक हुनु<br>– आआÇनो जात र धर्मअनुसारका संस्कृति सबैले मान्नु<br>– संस्कृति पुर्खादेखि नै जोडिदै आउनु र पुर्खाले नै आविष्कार गर्नु<br>– संस्कृतिले इतिहासका कुरालाई औल्याउने<br>– परम्परादेखि नै रहि आएका कुरालाई संस्कृति मानिएता पनि समय सापेक्ष संस्कृति परिवर्तन हुनुपर्ने<br>– समय सापेक्ष पुराना चालचलनलाई रूपान्तरण गर्दै अगाडि बढाउ“दै लैजानु<br>– संस्कृतिलाई समय सापेक्ष परिवर्तन नगरे समय परिवर्तन हुन नसक्नु<br>– समयले संस्कृतिलाई परिवर्तन गर्दै मानव जीवनलाई अगाडि बढाउन सक्नुपर्ने<br>– संस्कृतिलाई समय अनुकूल परिवर्तन गर्दै इतिहास र वर्तमानलाई जोड्दै मानव जीवनलाई अगाडि बढाउन सक्नुपर्छ । | |
| १८ | निबन्धको मूल्याङ्कन गर्दा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउने<br>(क) शीर्षक परिचय र विषय प्रवेश १<br>(ख) विषयवस्तुको ज्ञान - ३<br>(ग) प्रस्तुतीकरण - २ (संयोजन, क्रमबद्धता र मौलिकता)<br>(घ) स्पष्टता र निष्कर्ष - १<br>(ङ) भाषिक शुद्धता (वर्ण विन्यास, वाक्य गठन, चिह्न प्रयोग र पदसङ्गति) - १<br>(नोटः निबन्ध आदि, मध्य र अन्त्य भागमा हुनुपर्ने) | ८ |